# स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय प्रदीप पौडेलको एक वर्षका केही प्रमुख  उपलब्धि तथा कार्यहरूको विस्तृत विवरण

## ५/१०/१५ शय्याका अस्पताल निर्माण तथा सञ्चालन

नागरिकलाई स्थानीय तहमै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न  ५, १० र १५ शय्याका आधारभूत अस्पतालहरूको निर्माण तथा सञ्चालनलाई तीव्रता दिइएको छ। यस कार्यलाई व्यवस्थित गर्न "स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०८१)" र "आधारभूत अस्पताल सञ्चालन मापदण्ड, २०८१" जारी गरिएको छ ।

स्थानीय तहहरुमा निर्माण तयारीमा रहेका तथा शुरु भएर पनि काम नसकिंदा अलपत्र थिए । यसले नागरिकलाई आफ्नै घरदैलोमा सेवा लिन कठिनाइ देखिएको थियो । यस समस्यालाई हल गर्न हामीले विशेष प्राथमिकताका दिएर गत  वर्ष ६ अर्ब २२ करोड बजेट निकासा गरिएसँगै ११३ वटा अस्पताल निर्माण सम्पन्न भएका र पहिलो चरणमा ५५ वटा आधारभूत अस्पताल संचालन गर्ने तयारी रहेको  नयाँ  आर्थिक वर्षमा थप २५० अस्पताल सम्पन्न गर्न रु. ११ अर्ब बजेट सुनिश्चित गरिएको छ। यो कदमले सामान्य उपचारका लागि पनि ठूला अस्पताल धाउनुपर्ने नागरिकको बाध्यताको अन्त्य गरी घरदैलोमै स्वास्थ्य सेवा पुग्ने हामीले विश्वास लिएका छौं।

## फाल्गुण महिना: नसर्ने रोग परीक्षण अभियान

"निरोगी नेपाल" को अवधारणालाई सार्थक बनाउन र नसर्ने रोगहरूको बढ्दो भारलाई न्यूनीकरण गर्न हरेक वर्षको फाल्गुण महिनालाई "नसर्ने रोग परीक्षण महिना" का रूपमा मनाउने अभियान सुरु गरिएको छ। यस अभियानलाई व्यवस्थित गर्न "समुदायमा नसर्ने रोगहरू पहिचानका लागि एक महिने अभियान सञ्चालन निर्देशिका २०८१" स्वीकृत गरेर

नयाँ आर्थिक वर्षदेखि यो अभियानलाई राष्ट्रिय कार्यक्रमकै रूपमा सञ्चालन गरी नागरिकहरूमा स्वास्थ्य चेतना अभिवृद्धि तथा परीक्षणको पहुँच विस्तार गर्न आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ। यसले उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता रोगहरूको समयमै पहिचान र रोकथाममा मद्दत पुर्‍याउनेछ भने नागरिकमा स्वस्थ जीवनयापन शैलीको विकास हुने र क्रमश राज्यको उपचार खर्चमा कमी आउने विश्वाश लिएका छौं।

**HPV खोप अभियान**

पाठेघरको मुखको क्यान्सरबाट नेपाली किशोरीहरूलाई जोगाउन राष्ट्रव्यापी रूपमा ह्युमन प्यापिलोमा भाइरस (HPV) विरुद्धको खोप अभियान सफलतापूर्वक सम्पन्न गरिएको छ। यस अभियान अन्तर्गत १० देखि १४ वर्ष उमेर समूहका१४ लाख ६२ हजार किशोरीहरुलाई किशोरीहरुलाई निःशुल्क खोप प्रदान गरिएको छ ।

यो लक्षित वर्गको ८७. प्रतिशत हो। "एच.पि.भी. खोप सेवा सञ्चालन निर्देशिका, २०८१" जारी गरी यस ऐतिहासिक अभियानलाई कानूनी र प्रक्रियागत आधार प्रदान गरिएको छ। भविष्यमा यो कार्यक्रमलाई राष्ट्रिय खोप कार्यक्रमको नियमित हिस्सा बनाई दिगोपना सुनिश्चित गरिनेछ जसले हजारौं महिलाहरूलाई यो घातक क्यान्सर रोगबाट बचाउन मद्धत पुग्ने छ।

हरेक पालिकामा जनस्वास्थ्य कार्यक्रम/ जनस्वास्थ्य अधिकित**(PHO)** को व्यवस्था र भूमिका "निरोगी नेपाल" अभियानलाई स्थानीयस्तरमा प्रभावकारी रूपमा संचालन गर्न र जनस्वास्थ्य कार्यक्रमहरूलाई एकीकृत गरी जनस्वास्थ्यकर्मीहरूको भूमिकालाई सशक्त बनाउन तथा "म स्वस्थ, मेरो समुदाय स्वस्थ" कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै स्थानीय तहहरूमा जनस्वास्थ्यकर्मी परिचालन गर्न आगामी आर्थिक वर्षमा आवश्यक बजेटको व्यवस्था गरिएको छ। यी जनस्वास्थ्यकर्मीहरूले नसर्ने रोगको रोकथाम, महामारी नियन्त्रण, नागरिक आरोग्य कार्यक्रम सञ्चालन र वातावरणीय स्वास्थ्य जस्ता क्रियाकलापहरूलाई समुदायस्तरमा पुर्‍याउनेछन् । यी अभियान तथा कार्यक्रमबाट क्रमशः रोकथाममुखी

स्वास्थ्य प्रणालीको जग बलियो हुनेछ र नागरिकले स्थानीय स्तरमै प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा पाउने अवस्था निर्माण हुनेछ ।

**जलन तथा मुटु रोग उपचार सेवा विस्तार**

जलन र मुटु जस्ता गम्भीर र महँगो उपचार चाहिने सेवालाई सबै नागरिकको पहुँचमा पुर्‍याउन सातै प्रदेशमा सेवा विस्तारको सुरुवात गरिएको छ । विगतमा देशभरमा किर्तिपुरमा मात्र यो सेवा उपलब्ध थियो । जलनको उपचार निःशुल्क गर्न तथा यसलाई व्यवस्थित रुपमा संचालन गर्न "जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१" जारी गरिएको छ । हाल कीर्तिपुरको क्षमता विस्तार गरीएको छ र वीर अस्पतालमा सघन उपचार सेवा प्रदान भइरहेको छ । त्यसैगरी, मधेश र गण्डकी प्रदेशमा मुटु रोग उपचार सेवा सफलतापूर्वक सुरु गरिएको छ भने आगामी बजेटमा यी दुवै सेवालाई सबै प्रदेशका एक-एक सरकारी अस्पतालमा विस्तार गर्ने नीति लिइएको छ जसले मुटु तथा जलन उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता र आर्थिक भारबाट नागरिकलाई राहत मिल्ने विश्वास हामीले लिएका छौं ।

**क्यान्सर उपचार सेवाको विस्तार र निःशुल्क व्यवस्था**

क्यान्सर जस्तो गम्भीर रोगको उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता अन्त्य गर्न सातै प्रदेशमा उपचार सेवा विस्तार गरिएको छ । "अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि २०८१" स्वीकृत गरीएको छ भने बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र भक्तपुर क्यान्सर अस्पतालमार्फत प्रदेशका सरकारी अस्पतालहरूमा परीक्षण तथा उपचार सेवा विस्तार भएको छ । साथै, १४ वर्ष मुनिका बालबालिकाको क्यान्सर उपचार पूर्णतः निःशुल्क गरिएको छ । यो व्यवस्थाले आर्थिक अवस्था कमजोर भएका हजारौं परिवारका बालबालिकाले निशुल्क उपचार बाट नयाँ जीवन पाउनेछन् ।

**बीमा र सामाजिक सुरक्षा कार्यक्रम**

स्वास्थ्य बीमालाई सर्वव्यापी र नागरिकमैत्री बनाउने उद्देश्यका साथ, 'उच्चस्तरीय स्वास्थ्य बीमा सुधार सुझाव कार्यदल'को प्रतिवेदनका आधारमा कानूनी तथा प्रक्रियागत सुधारको थालनी गरिएको छ। यसै अनुरूप स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ लाई संशोधन गरी दीर्घ रोगीले पटक-पटक रिफरल बनाउनु नपर्ने, घरबाटै अनलाइन नवीकरण गर्न सकिने, बीमा लागू हुन लाग्ने तीन महिनाको लामो अवधिलाई घटाई एक महिना कायम गरी नागरिकलाई सेवा लिन प्रक्रियागत सहजताको थालनी गरिएको छ। साथै बिमितले स्वास्थ्य बीमा बोर्डले तोकेको जुनसुकै प्रथम सेवा विन्दुबाट उपचार सेवा लिन सक्ने व्यवस्था गरिएको छ । विगतमा बिमितले कुनै निश्चित एक प्रथम सेवा विन्दुबाट मात्र सेवा लिनु पर्ने व्यवस्था थियो । स्वास्थ्य बीमा मार्फत ८ प्रकारका कडा रोगका लागि २ लाख बराबरको उपचार सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ। यसले लामो समय सम्म उपचार गराउनु पर्ने विरामीले प्रत्येक वर्ष २ लाखको उपचार सुविधा पाउदा उपचार गराउदा गराउदै जाय जेथा सकिने समस्याबाट केही हदसम्म भए पनि राहत हुने विश्वास लिएको छु । विगतदेखि रोकिएको अस्पतालहरूको दाबी भुक्तानीलाई तीव्रता दिन २३० जना थप डाक्टरमार्फत तीन महिनाभित्र मूल्याङ्कन गर्ने गरी काम अघि बढाइएको छ।

यसैगरी, आगामी आर्थिक वर्षमा स्वास्थ्य बीमा कार्यक्रमलाई पुनर्संरचना गरी यसको दिगोपना र प्रभावकारिता सुनिश्चित गरिनेछ। स्ववास्थ्य बीमा ऐन २०७४ बमोजिम राष्ट्रसेवक र संगठित क्षेत्रमा कार्यरत व्यक्तिलाई स्वास्थ्य बीमामा आवद्ध गरिनेछ बिमितहरूको सुविधा थैली  क्रमशः वृद्धि गर्दै लगिनेछ भने सामाजिक स्वास्थ्य सुरक्षाका अन्य कार्यक्रमलाई क्रमशः स्वास्थ्य बीमामा एकीकृत गरिनेछ। बीमा सुविधाको दुरूपयोग हुन नदिन चुहावट नियन्त्रण र संस्थागत सुशासन कायम गरिनेछ। यी सुधारहरूले बीमा प्रणालीप्रतिको जनविश्वासलाई बलियो बनाउँदै उपचारमा हुने खर्चको भारबाट नागरिकलाई वित्तीय सुरक्षा प्रदान गर्ने हामीले विश्वास लिएका छौं।

**श्रावण  महिना: डेंगु नियन्त्रण अभियान**

डेंगु नियन्त्रणका लागि रोकथाम नै सबैभन्दा प्रभावकारी उपाय भएकोले श्रावण महिनालाई "डेंगु सचेतना महिना" का रूपमा घोषणा गरी राष्ट्रिय अभियान सञ्चालन गरिएको छ। यस अभियान अन्तर्गत, 'खोज र नष्ट गर' कार्यक्रमलाई केन्द्रमा राख्दै समुदाय र सबै नागरिकको सहकार्यमा लामखुट्टेको प्रजनन स्थलहरू नष्ट गर्ने तथा डेंगुका लक्षण र रोकथामका उपायबारे व्यापक जनचेतना फैलाउने लक्ष्य राखिएको छ। एक अध्ययन समितिबाट प्राप्त सुझावका आधारमा हामीले थालेको अभियान कार्यान्वयन चरणमा छ ।

**निःशुल्क औषधि: पक्षघात, सिकलसेल एनेमिया, हिमोफिलिया**

पक्षघात (स्ट्रोक), सिकलसेल एनेमिया, हिमोफिलिया (रगत नजम्ने) जस्ता कडा रोगका लागि अत्यन्त महँगो पर्ने जीवनरक्षक औषधिहरू निःशुल्क उपलब्ध गराइएको छ। विपन्न र गम्भीर रोगका बिरामीलाई सामाजिक स्वास्थ्य सुरक्षा प्रदान गर्ने र उपचारमा हुने ठूलो आर्थिक भार कम गर्ने राज्यको कल्याणकारी नीतिको कार्यान्वयन स्वरूप सरकारी अस्पताल मार्फत यी औषधि तथा खोप अन्तर्राष्ट्रिय सहयोगमा निःशुल्क उपलब्ध गराइएको छ। यो व्यवस्थाले विशेषगरी थारु समुदायको प्रमुख स्वास्थ्य समस्या (सिकलसेल) बाट पीडित नागरिक र उनीहरूका परिवारलाई ठूलो आर्थिक भारबाट राहत प्राप्त हुनेछ भने उपचारबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्दै दुर्लभ रोग लागेका बिरामीलाई समयमै उपचार नपाएर हुने अपाङ्गता र मृत्युबाट समेत जोगाउने तथा उनीहरूका परिवारलाई ठुलो मानशिक र आर्थिक राहत मिल्ने छ।

**विशिष्टिकृत सेवा विस्तार**

सबै ठूला स्वास्थ्य उपचार सेवा संघीय राजधानीमा बढी केन्द्रीकृत भएको अवस्था चिर्न हामीले घोषणा गरेअनुसार क्यान्सर, मुटु रोग, जलन उपचार, निसन्तान सेवाका साथै मानव अंग प्रत्यारोपण सेवा समेत संघीय राजधानी बाहिरका प्रादेशिकस्तरका अस्पतालमा छोटो अवधिमा

विस्तार भएका छन् । साथै, संघीय राजधानीका ठूला अस्पतालहरुमा सेवा थप तथा विस्तार समेत एकैसाथ सम्पन्न भएक छन् ।

जसअन्तगत वीर अस्पतालमा जलन वार्ड र सर्जिकल आईसीयू, पाटनमा अत्याधुनिक नशा परीक्षण (EMG/NCV), बीपी प्रतिष्ठानमा बर्न वार्ड र मिल्क बैंक, भरतपुरमा क्याथ ल्याब, भेरीमा सिकलसेल युनिट, कोशीमा निःसन्तान उपचार र स्पाइनल सर्जरी, तथा परोपकार प्रसूति अस्पतालमा सिमुलेसन ल्याब र निःसन्तान सेवा जस्ता दर्जनौं विशिष्टीकृत सेवाहरू सुरु भएका छन्। यसले विभिन्न रोगको उपचारका लागि विदेश जानुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै आम नागरिकको स्वास्थ्य सेवामा पहुँच बढाउने विश्वास गरेका छौं।

**चिकित्सक व्यवस्थापन**

विशेषज्ञ चिकित्सकको अभाव झेलिरहेका प्रदेश तथा स्थानीय तहका अस्पतालहरूमा सेवा सुनिश्चित गर्न चिकित्सकहरूको वैज्ञानिक तथा आवश्यकतामा आधारित व्यवस्थापन गरिएको छ। हालसम्म स्थानीय तहमा समायोजन भएका तर विशेषज्ञता हासिल गरेका १६० जना चिकित्सकलाई उनीहरूको विशेषज्ञता अनुसार सेवा दिन संघीय तथा प्रदेश अस्पतालहरूमा कामकाजका लागि खटाइएको छ। त्यसैगरी, छात्रवृत्तिमा अध्ययन गरेका ७५१ जना विशेषज्ञ चिकित्सकलाई पनि आवश्यकताका आधारमा विभिन्न अस्पतालहरूमा खटाइएको। यसले विशेषज्ञ सेवाको विकेन्द्रीकरण गरी प्रदेश तथा स्थानीयस्तरका अस्पतालहरूको सेवा प्रवाहलाई सुदृढ बनाएको छ।

**अस्पताल सुधारमा भएका कामहरु**

संघीय अस्पतालहरूको सेवा प्रवाहमा सुधार ल्याउन र नागरिकलाई सहज सेवा दिन बहुआयामिक सुधारका कामहरु थालिएका छन्। सबै संघीय अस्पतालहरूमा दुई सिफ्ट ओपिडी तथा विस्तारित सेवा कार्यक्रम लागू गरिएको छ। राष्ट्रिय आविष्कार केन्द्रसँगको

सहकार्यमा वर्षौंदेखि थन्किएका ६०० भन्दा बढी उपकरण मर्मत गरी सञ्चालनमा ल्याइएको छ।

## अस्पताल सेवा सुधारका लागि नौ बुँदे प्राथमिकता

संघीय अस्पतालहरूमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन र लामो समयसम्म पालो कुर्नुपर्ने नागरिकको बाध्यतालाई सम्बोधन गर्न, मिति २०८१/४/४ को निर्णय अनुसार दुई सिफ्ट ओपिडी तथा विस्तारित अस्पताल सेवा कार्यान्वयनमा ल्याइएको छ । साथै, सेवा शुल्क र खाली बेडको विवरण अनिवार्य सार्वजनिक गर्ने, अपरेशनको पालो घटाउने, अस्पताल फार्मेसीमा सबै औषधि सुनिश्चित गर्ने र टोकन तथा अनलाइन टिकट जस्ता प्रविधिको प्रयोग गरी सेवालाई सहज बनाउदैं लागिएको छ। यसले सार्वजनिक स्वास्थ्य प्रणालीप्रतिको जनविश्वास अभिवृद्धि गर्दै राष्ट्रिय स्वास्थ्य नीतिले जोड दिएको "गुणस्तरीय स्वास्थ्य सेवा" को कार्यान्वयनमा बलियो आधार पर्नेछ र आम नागरिकको स्वास्थ्य सेवाको पहुँचमा क्रमिकरूपमा सुधार ल्याउने हामीले विश्वास गरेका छौं।

## मुख्य-मुख्य निर्देशिका तथा कार्यविधि

मन्त्रालयले आफ्ना नीति तथा कार्यक्रमहरूलाई कानूनी आधार प्रदान गरी व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्न दर्जनौं महत्वपूर्ण दस्तावेजहरू जारी गरेको छ। जलनको उपचारलाई निःशुल्क गर्न 'जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१', क्यान्सर सेवा प्रदेशमा पुर्‍याउन 'अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि, २०८१', र डिजिटल स्वास्थ्यको जग बसाल्न 'विद्युतीय चिकित्सा अभिलेख र दूर चिकित्सा सेवा एकीकृत कार्यविधि, २०८१' जस्ता रूपान्तरणकारी दस्तावेजहरू जारी भएका छन्। त्यसैगरी, HPV खोप, विद्यालय स्वास्थ्य, नसर्ने रोग पहिचान, बिरामी प्रेषण, सुर्तीजन्य पदार्थमा चेतावनीमूलक चित्र छाप्ने, आपतकालीन चिकित्सकीय समूह परिचालन जस्ता दर्जनौं कार्यक्रमलाई निर्देशिकामार्फत कानूनी वैधता दिइएको छ जसले सेवा प्रवाहमा

एकरूपता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै हरेक निर्णयलाई कार्यान्वयनयोग्य बनाउने छ।

## राष्ट्रिय जनसंख्या नीति, २०८२

जनसङ्ख्या व्यवस्थापन र जनसांङिक लाभ लिने विषयमा जनसांख्यिकीय अवसरको सदुपयोग गर्न र बढ्दो आन्तरिक तथा बाह्य बसाइँसराइले थपेका चुनौती सम्बोधन गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०८२ आषाढ २३ गते "राष्ट्रिय जनसंख्या नीति, २०८२" स्वीकृत गरेको छ। यो नीतिले जनसंख्या र विकासबीच तादात्म्यता कायम गरी दिगो विकास हासिल गर्ने, मानव पूँजीको उपयोग बढाउने र ज्येष्ठ नागरिकको ज्ञान, सीपलाई अन्तरपुस्ता सञ्चार गर्ने लक्ष्य लिएको छ। 'विकास उकालो चढ्ने, मान्छे ओरालो झर्ने' अवस्थालाई बदल्न यो नीतिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।

## नागरिक आरोग्य कार्यक्रम

"निरोगी नेपाल" अभियान अन्तर्गत आयुर्वेद र प्राकृतिक चिकित्सामा आधारित नागरिक आरोग्य कार्यक्रमलाई सबै स्थानीय तहसम्म विस्तार गरिएको छ। यस कार्यक्रममार्फत योग, ध्यान, स्वस्थ जीवनशैली प्रवर्द्धनजस्ता कार्यक्रमहरूलाई स्थानीय सरकारसँगको समन्वयमा एकीकृत रूपमा सञ्चालन गरी शारीरिक तन्दुरुस्ती, सकारात्मक सोच र व्यक्तित्व विकासमा जोड दिइएको छ। यसले नसर्ने रोगहरूको रोकथाममा महत्वपूर्ण योगदान पुर्‍याउँदै नागरिकलाई स्वस्थ र सन्तुलित जीवन जिउन प्रेरित गर्नेछ।

## राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्र, बुढानिलकण्ठ

आयुर्वेद, योग तथा परम्परागत चिकित्सा पद्धतिको संरक्षण र विकास गर्ने नीति अनुरूप बुढानिलकण्ठमा 'राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्र' स्थापना गरी मिति २०८१ चैत्र २२ देखि सेवा प्रारम्भ गरिएको छ। यस केन्द्रले नागरिकलाई आयुर्वेद र योगमा आधारित

विशिष्टीकृत पञ्चकर्म सेवा प्रदान गर्नेछ र यस क्षेत्रको अध्ययन-अनुसन्धानका लागि समेत महत्वपूर्ण केन्द्रको रूपमा विकास हुनेछ।

**सुर्तीजन्य पदार्थ नियन्त्रण र विश्व स्वास्थ्य संगठन पुरस्कार**

सुर्तीजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्न मन्त्रालयले कडा नीतिहरू अवलम्बन गरेको छ। जस अन्तर्गत "सूर्तीजन्य पदार्थको बट्टामा चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका २०८१" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यही निरोधात्मक उपाय र नियन्त्रणमा देशले पुर्‍याएको योगदानको कदर गर्दै विश्व स्वास्थ्य संगठनबाट नेपालले विशेष अवार्ड प्राप्त गरेको छ। यो अन्तर्राष्ट्रिय सम्मानले सुर्तीजन्य पदार्थ नियन्त्रणमा नेपालको प्रयासलाई विश्वस्तरमा स्थापित गरेको छ र थप कार्य गर्न प्रेरणा प्रदान गरेको छ।

**आयुर्वेदमा कुशल उत्पादन अभ्यास** (GMP- Good Manufacturing Practices)

आयुर्वेदिक औषधिहरूको गुणस्तर सुनिश्चित गरी स्वदेशी उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन "औषधीको कुशल उत्पादन अभ्यास संहिता २०७२" को दोस्रो संशोधन (२०८२) जारी गरिएको छ। यसले गर्दा स्वदेशमा उत्पादन हुने आयुर्वेदिक औषधिहरूको गुणस्तर, सुरक्षा र प्रभावकारितामा वृद्धि हुनेछ र विदेशमा निर्यात गर्ने मार्ग प्रशस्त हुनेछ।

**विधेयक तयारी तथा प्रगति**

स्वास्थ्य क्षेत्रलाई समयसापेक्ष र सुदृढ कानूनी आधार प्रदान गर्न, "नेपाल स्वास्थ्य सेवा ऐन" लाई एकीकृत गर्ने विधेयक "औषधि तथा स्वास्थ्य सामग्री ऐन" लाई आधुनिक बनाउन नयाँ विधेयक, नयाँ स्वास्थ्य विज्ञान प्रतिष्ठान (रामराजा प्रसाद सिंह) स्थापना गर्न, एकीकृत अस्पताल सञ्चालन व्यवस्थापन विधेयक, एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित गर्न बनेको विधेयक जस्ता

१० वटा विधेयकहरू निर्माण र संशोधनको विभिन्न चरणमा छन्। यी विधेयकहरू हाल मन्त्रालयमा छलफल, सम्बन्धित मन्त्रालयबाट राय लिने वा संघीय संसदमा पेश गर्ने चरणमा रहेका छन्। यी कानूनी सुधारहरूले स्वास्थ्य जनशक्ति व्यवस्थापन, औषधि नियमन र स्वास्थ्य संस्था सञ्चालनमा दूरगामी र सकारात्मक प्रभाव पार्दै समग्र स्वास्थ्य प्रणालीलाई रूपान्तरण गर्ने अपेक्षा गरिएको छ।

**मित्र राष्ट्रसँग सम्झौता (भारत)**

नेपालको स्वास्थ्य क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय सहकार्यलाई बढावा दिने नीति अनुरूप, नेपाल र भारतबीच स्वास्थ्य क्षेत्रमा सहकार्य गर्ने दुई महत्वपूर्ण समझदारीपत्रलाई मन्त्रिपरिषद्ले मिति २०८२/०३/१३ मा स्वीकृत गरेको छ। पहिलो समझदारीपत्र आयुर्वेद र परम्परागत चिकित्सा प्रणालीमा सहकार्य गर्न र दोस्रो स्वास्थ्य तथा औषधिको क्षेत्रमा सहकार्य गर्न केन्द्रित छ। यी सम्झौताहरूले दुई देशबीच अनुभव, प्रविधि र अनुसन्धानको आदान-प्रदानलाई बढावा दिई स्वास्थ्य सेवाको गुणस्तर सुधारमा महत्वपूर्ण योगदान पुर्‍याउनेछन्।

**समस्या समाधानमा विज्ञ सहभागीता**

स्वास्थ्य क्षेत्रका विशिष्ट विषयहरूमा गहिरो अध्ययन गरी नीतिगत सुझाव दिन दर्जनौं विज्ञ समिति तथा कार्यदलहरू गठन गरिएका छन्। स्वास्थ्य बीमा सुधार, राष्ट्रिय न्युरो उपचार केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन, औषधि मूल्य निर्धारण, दुर्लभ रोग अध्ययन, र वीर अस्पताल सुधार जस्ता विषयमा गठित कार्यदलहरूले महत्वपूर्ण प्रतिवेदनहरू पेश गरेका छन्, जसको आधारमा मन्त्रालयले सुधारका कार्यहरू अघि बढाएको छ। यसले निर्णय प्रक्रियालाई तथ्य-आधारित र पारदर्शी बनाउन मद्दत गरेको छ।

**विषयगत समिति (संघीयता समन्वय)**

कानूनमा व्यवस्था भए पनि संघीयता कार्यान्वयनयता सक्रिय हुन नसकेको संघ, प्रदेश र

स्थानीय तहबीच स्वास्थ्य क्षेत्रका साझा अधिकार र जिम्मेवारीमा समन्वय गर्न "संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७" बमोजिम विषयगत समिति क्रियाशील छ। यो समितिले तहगत सरकारबीच देखिएका कर्मचारी समायोजन, कार्यक्रम कार्यान्वयन र बजेट बाँडफाँटका समस्याहरूलाई संवादमार्फत समाधान गरी संघीयताको सहज कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने छ।

**राष्ट्रिय जनस्वास्थ्य समिति**

जनस्वास्थ्यका जल्दाबल्दा विषयहरूमा नीतिगत मार्गदर्शन गर्न र बहुक्षेत्रीय समन्वय कायम गर्न "जनस्वास्थ्य सेवा ऐन, २०७५" बमोजिमको राष्ट्रिय जनस्वास्थ्य समितिलाई क्रियाशील बनाइएको छ। यस समिति अन्तर्गत महामारी, पोषण, मानसिक स्वास्थ्य, वातावरणीय स्वास्थ्य जस्ता ८ वटा विषयमा प्राविधिक उपसमितिहरू गठन भई कार्य गरिरहेका छन् जसले जनस्वास्थ्यका मुद्दाहरूलाई राष्ट्रिय प्राथमिकतामा राख्न र एकीकृत प्रतिकार्य सुनिश्चित गर्न मद्दत पुर्‍याउने छ।

**दुर्लभ रोग (मस्कुलर डिस्ट्रोफी आदि)**

नेपालमा पहिचान भएका तर उपचार प्रणालीमा कम प्राथमिकतामा परेका दुर्लभ रोगहरूको अध्ययन र व्यवस्थापनका लागि मन्त्रालयले विशेष पहल थालेको छ। मिति २०८२/०१/०८ मा "दुर्लभ रोग अध्ययन समिति" गठन गरी यस समितिले मस्कुलर डिस्ट्रोफी लगायतका दुर्लभ रोगहरूको अवस्था, उपचारको सम्भाव्यता र बिरामीलाई प्रदान गर्न सकिने राहतबारे अध्ययन गरी सरकारलाई सुझाव दिनेछ जसले यस्ता रोगबाट पीडित नागरिक र उनीहरूका परिवारले राज्यबाट संरक्षण र सहयोग पाउने बाटो खोल्नेछ।

**संगठन तथा व्यवस्थापन सर्वेक्षणको सैद्धान्तिक सहमति**

स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरूको विद्यमान संगठन संरचनालाई संघीयता अनुकूल र समयसापेक्ष बनाउन संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गर्न नेपाल

सरकार, मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको छ। यो सर्वेक्षणले स्वास्थ्य संस्थाहरूको तहगत जिम्मेवारी, आवश्यक जनशक्ति र कार्यबोझको वैज्ञानिक विश्लेषण गरी नयाँ संरचनाको खाका तयार गर्नेछ जसले स्वास्थ्य प्रणालीको दक्षता र प्रभावकारितामा वृद्धि गर्नेछ।

**शैक्षिक कार्यक्रम: प्रतिष्ठानहरूमा** MBBS

देशभित्रै गुणस्तरीय चिकित्सा शिक्षा उत्पादन बढाउने र विशेषज्ञ जनशक्ति उत्पादन गर्ने नीति अनुरूप पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षबाटै MBBS तहको अध्ययन-अध्यापन सुरु गरिएको छ। त्यसैगरी, आगामी आर्थिक वर्षदेखि भरतपुर अस्पताल र गेटा अस्पताललाई प्रतिष्ठानको रूपमा विकास गरी MBBS कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्वाधार र स्रोतको सुनिश्चितता गरिएको छ  जसले देशको स्वास्थ्य शिक्षालाई थप सुदृढ बनाउनेछ।

**स्वास्थ्य संस्था तथा जनशक्ति पञ्जीकरण** (NHFR **र** HWFR)

देशभरका स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको यकिन तथ्याङ्क राखी योजना तर्जुमा र जनशक्ति व्यवस्थापनमा सघाउन नेपाल स्वास्थ्य संस्था पञ्जीकरण (NHFR) र नेपाल स्वास्थ्य जनशक्ति व्यवस्थापन सूचना प्रणाली (HWFR) लाई अद्यावधिक गरिएको छ। हालसम्म ११,२३७ स्वास्थ्य संस्था र करिब ४०,००० स्वास्थ्य जनशक्ति यस प्रणालीमा आबद्ध भएका छन्। यो डिजिटल प्रणालीले स्वास्थ्य क्षेत्रको योजना निर्माणलाई तथ्य-आधारित बनाउन र जनशक्तिको वैज्ञानिक परिचालन गर्न महत्वपूर्ण आधार प्रदान गर्ने छ।

**राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला** (NPHL) **को क्षमता विस्तार**

अहिले आधुनिक प्रयोगशाला परीक्षणका लागि नेपालबाट ठूलो धनराशी विदेश गैरहेको छ । यो समस्या कम गर्न स्वदेशकै अस्पताल तथा स्वास्थ्य संस्थाहरुको क्षमता वृद्धि गर्न देशको

केन्द्रीय प्रयोगशाला राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको क्षमता वृद्धिमा भएका कामले केही नतिजा दिएका छन् ।

अब नेपालमै पहिलो पटक स्तन क्यान्सरको वंशाणुगत परीक्षण सम्पन्न भएको छ । नेपालमा सम्भव नभएका क्यान्सरका नमूना परीक्षणका लागि क्यान्सर अस्पतालहरु र प्रयोगशालाबीच सम्झौता भएर परीक्षणहरु स्वदेशभित्रै आरम्भ भएका छन् । यसले नागरिकलाई नमूना विदेश पठाएर खर्च गर्नुपर्ने ठूलो धनराशी बचत भएको छ । प्रयोगशालाको क्षमता अभिवृद्धिका लागि नयाँ बजेटमा समेत विशेष व्यवस्था गरिएकाले यसले नेपालको प्रयोगशाला क्षमता अभिवृद्धिमा निकै महत्वपूर्ण नतिजा प्राप्त हुने अपेक्षा गरेका छौं ।

## स्थानीय र प्रदेशसँगको सहकार्यमा अस्पताल सञ्चालन

संघीयताको मर्म अनुसार, आधारभूत तथा माध्यमिक तहका अस्पतालहरूको सञ्चालन र व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहसँगको सहकार्यलाई सुदृढ बनाइएको छ। पोखरिया अस्पताललाई स्तरोन्नति गरी मधेश प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ भने आठबिस नगरपालिकाको आधारभूत अस्पताल कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरिएको छ। निर्माण सम्पन्न भएका आधारभूत अस्पतालहरू स्थानीय तह र समुदायको सहकार्यमा सञ्चालन गर्ने नीति लिइएको छ जसले स्थानीय स्वामित्व र जवाफदेहिता वृद्धि गरी सेवाको दिगोपना सुनिश्चित गर्नेछ।

## स्वास्थ्य सूचना र गुनासो सम्बोधन: हेल्लो स्वास्थ्य- “१११५”

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यस मातहतका स्वास्थ्य संस्थाहरूबाट प्रदान हुने सेवाबारे वा कुनै गुनासो भएमा त्यसलाई तत्काल सम्बोधन गर्न हटलाइन सेवा "हेल्लो स्वास्थ्य १११५" को व्यवस्था गरिएको छ। यसले सेवा प्रवाहलाई थप पारदर्शी र जवाफदेही बनाउन

मद्दत पुग्नेछ। साथै, नागरिकले सरकारबाट पाउने निःशुल्क स्वास्थ्य सेवाबारे सूचनाको अभावमा कुनै पनि कठिनाइ भोग्नु नपरोस् भन्ने उद्देश्यले "निःशुल्क स्वास्थ्य सेवा" का सम्पूर्ण जानकारी स्वास्थ्य मन्त्रालयको वेबसाइटमार्फत हेर्न मिल्ने व्यवस्था गरिएको छ। उक्त वेबसाइटमा निःशुल्क सेवाका प्रकार, सेवा प्राप्त हुने स्थान र आवश्यक पर्ने कागजातहरू जस्ता विवरणका बारेका जानकारी उपलब्ध छ।

**विधेयक तयारी तथा प्रगति**

- रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन
    - नियमावलीसहित अन्तिम मस्यौदा तयार। संघीय संसदमा पेश गर्न सहमतिका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश ।
- औषधि तथा स्वास्थ्य सामग्री सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
    - विधेयकको मस्यौदा तयार गरी तर्जुमा सहमतिका लागि कानून मन्त्रालयमा पठाइएको।
- एकीकृत अस्पताल सञ्चालन व्यवस्थापन विधेयक
    - मस्यौदा तयार भई रायका लागि वेबसाइटमा प्रकाशनको चरणमा रहेको।
- एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक
    - मस्यौदा तयार भई वेबसाइटमा प्रकाशन गरिएको। प्राप्त राय, परामर्श समावेश गर्ने चरणमा रहेको। नियमावली बन्न बाँकी।
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक
    - कानून र अर्थ मन्त्रालयबाट राय प्राप्त भई मन्त्रिपरिषदमा पेश गर्ने अन्तिम चरणमा रहेको।

- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक
    - विधेयकको मस्यौदा तयार गरी तर्जुमा सहमतिका लागि कानून मन्त्रालयमा पठाइएको।
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक
    - मस्यौदा तयार भई वेबसाइटमा प्रकाशन गरिएको। प्राप्त राय, परामर्श समावेश गर्ने चरणमा रहेको।
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक
    - अर्थ र कानून मन्त्रालयको संशोधन सहितको राय प्राप्त। मन्त्रालयमा छलफल गरी पुनः पठाउनु पर्ने।
- स्वास्थ्य सेवा ऐन
    - प्रारम्भिक मस्यौदा (ड्राफ्ट) तयार भई छलफलको चरणमा रहेको।
- प्रत्यायन ऐन
    - मस्यौदा तयार भई वेबसाइटमा प्रकाशनको चरणमा रहेको (कानून र अर्थ मन्त्रालयबाट राय प्राप्त)। नियमावली बनाउन बाँकी।

**प्रमुख स्वीकृत नीतिगत व्यवस्थाहरू (कार्यविधि, निर्देशिका, रणनीति)**

- अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१
- जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१

- एक अस्पतालबाट अर्को अस्पतालमा बिरामी प्रेषण व्यवस्थित गर्न राष्ट्रिय बिरामी प्रेषण निर्देशिका, २०८१
- आपतकालिन चिकित्सकिय समुह परिचालन कार्यविधि, २०८१
- एच.पि.भी. खोप सेवा सञ्चालन निर्देशिका, २०८१
- विद्यालय स्वास्थ्य सेवा निर्देशिका, २०८१ (पहिलेको निर्देशिका परिमार्जन)।
- राष्ट्रिय मुख स्वास्थ्य रणनीति, २०८१-२०८७
- मधुमेह, उच्च रक्तचाप तथा मृगौला रोग नियन्त्रणका लागि परीक्षण तथा पहिचान अभियान सञ्चालन निर्देशिका, २०८१
- Nepal Every Newborn Action Plan को Implementation Plan (2024-2030)
- राष्ट्रिय जनस्वास्थ्य समिति तथा उपसमितिहरूको बैठक संचालन कार्यविधि
- रेविज रोग निवारण सम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना
- औलो तथा कालाजार नियन्त्रणका लागि विषादी छिड्काउ सम्बन्धी कार्यविधि/निर्देशिका, २०८१
- नवजात शिशुको श्रवण स्क्रिनिङ (Newborn Hearing Screening) निर्देशिका, २०८१
- एकिकृत विद्युतिय चिकित्सा अभिलेख प्रणाली सञ्चालन तथा व्यवस्थापन (EMR) निर्देशिका, २०८१
- सूर्तीजन्य पदार्थको बट्टामा चेतनामूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०८१
- स्थानीय तहमा आधारभूत स्वास्थ्यसेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१
- ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

- निर्माण सम्पन्न भएका ५/१०/१५ शय्याका आधारभूत अस्पतालको सञ्चालन कार्यविधि
- घाइतेहरूको औषधी उपचार बापत शोधभर्ना दिने सम्बन्धी कार्यविधि, २०८२ (पहिलो संशोधन)
- नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना, २०२२-२०३० (प्राथमिकिकरण गरिएका क्रियाकलापहरू स्वीकृत भएको।)
- राष्ट्रिय औलो रणनीतिक योजना, २०२५